नेपाल समाचारपत्र

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com



नेपाल प्रेम | नेपाल भ्रमणका क्रममा धुलिखेलको एक होटलमा रमाउँदै गर्दाको तस्वीर ट्विटरबाट सार्वजनिक गर्दै बलिउड अभिनेतृ जुही चावला। जुहीले केही दिनयता काठमाडौं, भक्तपुर, बौद्ध, धुलिखेल घुमघामका तस्वीर ट्विटरमार्फत सार्वजनिक गर्दै आएकी छिन्।

# एन्जिलाको एल्बम

गायिका एन्जिला गौचन सोलो गीति अडियो एल्बम *एन्जिला* लिएर आएकी छन्। २०६१ सालमै *अ स्टोरी* नामक एल्बम निकालेर गायनमा होमिएकी एन्जिलाले नयाँ एल्बम ल्याएपछि भनिन्- 'यो मेरो पुनरागमन हो।' एल्बम *अ स्टोरी*को *थाहा पाएँ तिम्रो बानी* बोलको गीत हिट भएसँगै व्यस्त बनेकी एन्जिला त्यसपछि एक्कासी सांगीतिक क्षेत्रबाट हराएकी थिइन्। थकाली समुदायको एकमात्र गायिका एन्जिलाले पारिवारिक कारण त्यो समयमा सांगीतिक क्षेत्रबाट ओझेलमा परेको र अब निरन्तर संगीतमै रहने बताइन्। उनको यो एल्बममा *त्यो पहिलो नजर, आजभोलि गाउँघरैमा, जुनतारा, के भो मलाई, तिम्रो आँखा बर्सिएको, न त तिम्रो दोष* र एक राष्ट्रियभावको गीत *देश छैन भने* बोलका गीत रहेका छन्। सन्तोष मानन्धर, कल्याण सिंह, प्रतीक थापा, विक्रम थापा, निर्वाण योञ्जन र प्रमोद शेरचनको संगीत रहेको यी गीतमा शब्द रचना सन्तोष मानन्धर, राजेश श्रेष्ठ, ध्रुव थापा, अरूण तिवारी, आचार्य प्रभा र उषा शेरचनको रहेको छ।



Available at:
HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
"The Ultimate Bath Solution"
Showroom Location:
Tripureswor (Way to Thapathali)
Call at 4254601/ 4262240
Email: homefurnishers.nepal@gmail.com




## धरहरा

# को अधिनायकवादी ?



को 'अधिनायकवादी' ? यो शब्दको अर्थ प्रष्ट बुझ्न नसक्दा धरहरा हिजो-आज निकै अन्योलमा छ। सरकार बाहिरका विपक्षी दल भन्छन्- 'सरकारले अधिनायक शैली अपनायो, निरंकुश बन्यो, तानाशाही भयो, दुई तिहाईको घमण्ड देखायो।' अनि सरकार भन्छ- 'जथाभावी अनसन बस्ने, आन्दोलन गर्ने, सरकारको विरोध गर्नेहरू अधिनायकवादी हुन्।'

यस्तो जुहारी चलेपछि खास अधिनायकवादी को हो, कसरी बुझ्नु ? चिकित्सा क्षेत्रको सुधारको माग राखेर जुम्लामा आमरण अनसन बसेका डा. केसी पनि अधिनायकवादी रे। बुधबार गृहमन्त्री थापाले संसद्मा केसीलाई लक्षित गर्दै भने- 'यो लोकतान्त्रिक शैली होइन, अधिनायकवादी तरिका हो।' उनका अनुसार सडकमा आन्दोलनमा उत्रिएर कुनै विषयको निकास निस्किन सक्दैन रे। सडकबाटै निरंकुश सरकारलाई घुँडा टेकाउने, अधिनायकवाद अन्य गर्ने घोषणा गर्दै कुनै बेला थापासहितका नेताले बाक्लै संख्यामा कार्यकर्ता उतारेको धरहराले बिर्सिएको छैन। सरकारमा भएका सबै लोकतान्त्रिक पद्धति अपनाउने अनि प्रतिपक्षी सँधै 'गैर लोकतान्त्रिक।' छेपारोले मौसमअनुसार रङ फेरझैं दलहरूले आफूअनुकूल 'अधिनायकवादी' शब्दको व्याख्या र विश्लेषण गर्ने भएसी कसरी बुझ्नु यो शब्दको खास अर्थ ? नेपाली शब्दकोषमा यो शब्दको अर्थ पक्कै पनि उल्लेख गरिएको छ। शब्दकोषमा 'दलहरूले आरोप प्रत्यारोपका क्रममा प्रयोग गर्ने शब्द आफूअनुकूल गर्ने व्याख्या र विश्लेषण गर्ने शब्द भनेर उल्लेख गर्न ढिला भइसक्यो। त्यसो गर्दाचाहिँ अन्योल हुन्नथ्यो कि ?

# भीमसेनको कान्छी



गायकहरू ओमविक्रम विष्ट, सञ्जय श्रेष्ठ, सञ्जीव प्रधान, हरिश माथेमा र योगेश्वर अमात्यसँगै कार्यक्रमहरूमा गीत गाउँदै हिँडेका गायक भीससेन टी लामा २५ वर्षपछि पुन: गायन क्षेत्रमा रहेको *हे कान्छी*को म्युजिक भिडियो सञ्जय पाण्डेले निर्देशन गरेका छन्। भिडियोमा पूर्णिमा लामा, दोर्जे लामा र एलिना गुरुङलाई फिचरिङ गरिएको छ। दिनेशजंग राणाले सम्पादन गरेको गीतको भिडियोलाई भकारी एमडीसीले बजारमा ल्याएको हो।

भीमसेन टी लामाले २५ वर्षअघि २५ गीत गाएका थिए। त्यसपछि उनको गाउन यात्रामा विश्राम लाग्यो। गायन क्षेत्रबाट उनी टाढिएपछि उनको करिअरको शुरूआत फिल्म क्षेत्रतर्फ भयो। उनले खेलेको पहिलो फिल्म *सीमारेखा* थियो। *एउटी सुन्दरी ममाथि मर्छे* र *पहिलो भेटमै भयो हाम्रो चिनारी* बोलको गीत भीमसेनका त्यति बेलाका चर्चित गीत थिए। आधुनिक र लोकपप गीत गाउन रुचाउने लामाले पछिल्लो समय युवा पुस्ताका लागि पनि मन पर्ने गीत लिएर आउने तयारीमा रहेको बताए।

# हाम्री चेली सडकमा

सडक नाटक *हाम्री चेली* उपत्यकाका विभिन्न स्थानमा मञ्चन गरिएको छ। विश्वास नेपालको अप्सरा परियोजनाको प्रस्तुति एकप्याट लक्जम्बरको सहयोगमा *हाम्री चेली* मञ्चन गरिएको हो।

काठमाडौंका चावहिल, गौशाला, कालो पुल, गोंगबु, महाराजगन्ज, कंलकी, कोटेश्वर, नयाँ बजार, रत्नपार्क, सुनधारालगायतका स्थानमा नाटक मञ्चन गरिएको हो। रामकाजी घिमिरेको लेखन र शम्भु ढुंगानाको निर्देशनमा नाटकमा कलाकारहरू विश्वदीप घिमिरे, जयराम सापकोटा, शान्ति दाहाल, सावित्री बस्नेत, समुन्द्र



बानिया, शर्मिला बस्नेत, देवकी भण्डारी, सुमित्रा श्रेष्ठ, सरिता सिलवाललगायतले अभिनय गरेका थिए भने बिना तामाङ, अनु गुरुङ, शर्मिला बस्नेतलगायतले अभिनय गरेका थिए। सावित्री पन्त र सावित्री बस्नेतले नृत्य निर्देशन गरेका थिए।

*रेस्टुरेन्ट श्रमिक महिलाका लागि हाम्रो आवाज पेसागत हिंसामुक्त समाज* भन्ने नारासहित शुरू गरिएको सडक नाटकमा रेस्टुरेन्ट तथा मनोरञ्जन क्षेत्रमा काम गर्नेहरूको हक-हितका विषय उठाइएको थियो। नाटकमा प्रलोभनमा पर्दा कस्ता-कस्ता दुर्घटनामा पर्न सक्छन् हाम्रा चेलीहरू भन्ने कुरा पनि देखाउन खोजिएको थियो।

विभिन्न ठाउँमा नाटक मञ्चन भइरहँदा विश्वास नेपालका पूर्वअध्यक्ष तारा भण्डारी, कोषाध्यक्ष बिनु श्रेष्ठ, कार्यक्रम संयोजक पर्शुराम चौधरीलगायतले नाटक मञ्चन गर्नुको उद्देश्य र संस्थागत परिचय गराएका थिए।

# सोनाली
## क्यान्सरसँग जुद्धै



शाहरूख खान, सलमान खान जस्ता स्टारहरूसँग केही हिट फिल्म दिएकी बलिउड अभिनेतृ सोनाली बेन्द्रेलाई क्यान्सर भएको छ।

हाल न्युयोर्कमा उपचारका लागि पुगेकी उनले आफ्नो ट्विटरमा एक पोस्ट गर्दै आफूलाई क्यान्सर भएको पत्ता लागेको जानकारी दिएकी छिन्।

'हालै मैले शरीरको जाँच गराएपछि मलाई हाइग्रेड क्यान्सर भएको थाहा पाएँ। मैले यस्तो कहिल्यै सोचेको थिइनँ। लगातार हुने दु:खाइपछि जचाउँदा यस्तो अचम्म पार्ने रिपोर्ट आयो।' -उनले लेखेकी छन्।



उनको यस स्ट्याटस बाहिरिएपछि बलिउडमा खलबली मच्चिएको छ। उनका फ्यानदेखि बलिउड कलाकारसम्मले उनको स्वास्थ्यलाभको कामना गरेर सामाजिक सञ्जालमा पोस्ट गरेका छन्।

केही समयअघि जीटीभीबाट प्रसारण हुने बच्चाको प्रतिभासम्बन्धी कार्यक्रम *इन्डियाज बेस्ट ड्रामेबाज*मा निर्णायक रहेकी उनले उक्त कार्यक्रमको एक एपिसोड प्रसारण भएपछि अचानक निजी कारण देखाउँदै कार्यक्रम छोडेकी थिइन्।

केही समयअघि अभिनेता इफरान खानले पनि आफूलाई क्यान्सर भएको थाहा पाएका थिए। न्युरोएन्ड्रोक्राइन क्यान्सरबाट पीडित उनी हाल लन्डनमा उपचार गराइरहेकी छन्।




भर्खरै !
भर्खरै के भयो दुनियामा ?
भर्खरै सोध्नुहोस् हामीलाई
भर्खरै हाजिर हुनेछ
जबाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ
भर्खरै !

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ